# वार्षिक बजेट, नीति तथा कार्यक्रम

## आर्थिक वर्ष २०८१/८२

## कालिञ्चोक गाउँपालिका

## गाउँकार्यपालिकाको कार्यालय,

## बागमती प्रदेश

## सुनखानी, दोलखा

श्री गाउँपालिकाका अध्यक्ष ज्यू,

श्री गाउँसभाका सदस्य ज्यूहरु,

श्री राष्ट्रसेवक कर्मचारीहरु

नेपालको राष्ट्रिय हित, आर्थिक सामाजिक न्याय राष्ट्रहितको लोकतान्त्रिक मूल्य र मान्यतामा आधारित समाजवाद प्रति प्रतिवद्ध रहदै समुन्त सङघीय शासन प्रणालीको माध्यमबाट न्याय पुर्ण विभेदरहित, समतामूलक, सबल र समृद्ध नेपालको निर्माण गर्ने उद्देश्यका यस गाउँपालिकाले आर्थिक वर्ष २०८१/८२ को नीति तथा कार्यक्रम यस गरिमामय सभामा प्रस्ततु गर्न पाउँदा मलाई खुशी लागेको छ। यस घडीमा नेपाली जनताले मलुकको स्वतन्त्रता, सार्वभौमिकता, भौगोलिक अखण्डता, स्वाधीनता, स्वाभिमान, राष्ट्रहित, लोकतान्त्रिक र अग्रगामी परिवर्तनको लागि पटकपटक गरेका ऐतिहासिक जनआन्दोलन, जनयुद्ध, लगायत विभिन्न आन्दोलन, त्याग र बलिदानको स्मरण गर्दै ज्ञात अज्ञात शहीद तथा बेपत्ता र पीडित नागरिकहरू प्रति उच्च सम्मान व्यक्त गर्दछु। नेपाल सरकार र प्रदेश सरकारका आवधिक योजनाले परिलक्षित गरेका विषयहरुमा, दिगो विकासको लक्ष्य, न्युनतम साझा कार्यक्रम राजनितिक दलहरुका घोषणा पत्र सङ्घीय तथा प्रदेश सरकारको नीति तथा कार्यक्रम राजनिति दल र अन्य सरोकारवालाहरुबाट प्राप्त सुझावहरु समेतको आधारमा कालिन्चोक गाउँपालिकाले यो नीति तथा कार्यक्रम तर्जुमा गरेका छौ।

अध्यक्षज्यू,

१. गाउँपालिका भित्र विभिन्न अनुदानलाई निरूत्साहित गरी उत्पादनका आधारमा अनुदानको व्यवस्था गरिनेछ।
२. चौंरीपालन तथा पशुपालन प्रवर्द्धन गर्न पशु चिकित्सक सेवा सहितको नश्ल सुधार, आहार व्यवस्थापन, खर्क सुधार, तालिम लगायतका कार्यक्रमहरू सञ्चालन गरि अनुगमन कार्यलाइ प्रभावकारी बनाइने छ।
३. दुग्ध व्यवसायलाई प्रोत्साहन गर्न गाउँपालिका दुग्ध चिस्यान केन्द्रको स्थापना तथा संचालन गर्ने नीति लिइनेछ।
४. डेरीमा दुध विक्रीगर्ने किसानलाई प्रतिलिटर दुधमा तीन रुपैया अनुदानको व्यवस्था गरिनेछ।
५. व्यावसायिक पशुपालन तथा कृषि फार्म समुह सहकारी किसानलाइ सहकारी मार्फत स्वरोजगार कोषको साझेदारीमा सहुलियत ब्याजदरमा सुलभ कर्जा उपलब्ध गराइनेछ ।
६. गाउँपालिका विभिन्न क्षेत्रमा कृषि तथा पशु शिविर संचालन गरिनेछ।
७. व्यवसायी कृषि उत्पादनको लागि सम्भायता अध्ययन गरी विभिन्न पकेट क्षेत्रको विकास गरिनेछ।
८. पशु स्वास्थ्य औषधोपचारलाई निशुल्क उपलब्ध गराइने छ। पशुमा लाग्ने खोरेत, पिपिआर र रेबीज रोग उन्मुलन गर्न निशुल्क खोप अभियान कार्यक्रम सञ्चालन गरिनेछ।
९. प्रत्येक वडामा कम्तिमा एउटा कृषि उपज संकलन केन्द्र स्थापना गरिनेछ।

१०. चिया, कफी, अलैंची, जुनार, सुन्तला, आलु, एभोकाडो, पिकानट, टिमुर, केरा तथा कागतीको उन्नत बीउ र विरुवामा ७० प्रतिशत अनुदानको व्यवस्था गरिनेछ ।

११. कृषकहरुका कृषि उत्पादनलाई उत्पादन स्थलबाटै खरिद गरि लिने संयन्त्र व्यवस्था गरि कृषकले उत्पादन गरेका कृषि उपज तथा पशुपन्छी बजारसम्म पुर्याउने व्यवस्था गरिनेछ ।

१२. गाउँपालिकाले अगुवा कृषकहरुको लागि कम्तीमा बर्षमा एकपटक कृषक भ्रमण गराउने व्यवस्था मिलाईनेछ ।

१३. गाउँपालिका भित्रका उत्कृष्ठ किसानलाई उचित पुरस्कारको व्यवस्था गरिने छ ।

१४. पालिका भित्रका सहकारी संघ संस्थाहरूलाई समेत परिचालन गरी स्थानिय सरकारको नियमन क्षेत्राधिकारमा पर्ने सहकारी संस्थाहरूसँग सहकार्य गर्दै त्यस्ता संस्थाहरूको नियमित र सघन अनगुमनगरी सुशासन सहकारी निर्माणको अभियान सञ्चालन गररनेछ ।

१५. सहकारी तथा गरिवी व्यवस्थापन सूचना प्रणाली (COPOMIS) मार्फत सहकारी क्षेत्रको तथ्याङ्क सङ्कलन र अद्यावधिक गरी पालिका भरीका सहकारीलाई व्यवस्थित गरिनेछ ।

१६. व्यवसाय करको दायरा बढाउने र बढी भन्दा बढी व्यवसायीहरुलाई कर तिर्न प्रोत्साहित गर्न विविध कार्यक्रम सहित कर जागरण कार्यक्रम सञ्चालन गर्नुका साथै राजस्व संकलन कार्यलाई व्यवस्थित गरी वडा कार्यालयहरुबाटै व्यवस्थित कर, शुल्क तथा दस्तुर असुल गर्ने व्यवस्था गरिनेछ ।

१७. "गाउँपालिका अन्तर्गत रहेका सार्वजनिक जग्गामा गाउँपालिकाले वा व्यक्ति स्वयंले गाउँपालिकाको स्वीकृत लिई अस्थाई संरचना बनाई उपभोग गर्न दिइएको खण्डमा वहाल विटौरी कर असुल गरिनेछ ।

१८. गाउँपालिकाका सवै वडाहरुमा सडकलाई आर.सी.सी. तथा स्तरोन्नती गर्ने कार्यलाई निरन्तरमा दिइने छ ।

१९. भौतिक निर्माणको ठेक्का कार्यान्वयनको क्रममा निर्माण कार्यतालिकाको पालना गराइनेछ र सोको आधारमा भौतिक प्रगतिको अनुगमन गरिनेछ ।

२०. गाउँपालिका भित्रका सडकहरूको सडक मापदण्ड तोकि जग्गा धनीहरुको सहमतिमा लगत कट्टा गरिनेछ ।

२१. गाउँपालिका भित्र केहि भागमा रिचार्ज पोखरीको निर्माण गरिनेछ । पानीको प्राकृतिक स्रोत नभएका पालिकाका बेसिहरूमा नजिकैको नदीबाट लिफ्टिङ गरी सिंचाई तथा पिउने पानीको व्यवस्था गरिनेछ ।

२२.अधुरा तथा क्रमागत आयोजनाहरुलाई प्राथमिकता दिई सम्पन्न गर्दै लगिनेछ ।

२३. भौतिक पूर्वाधार तथा संरचनाहरुको गुणस्तर कायम गर्ने कार्यलाई प्रभावकारी बनाउन टोल विकास समितिलाई थप प्रभावकारी बनाइ टोल विकास समितिको माध्यमबाट विकास निमार्णका कार्य अगाडी बढाइने छ ।

२४. विकास व्यवस्थापनका दृष्टिले पछाडि परेका वडाहरुमा सन्तुलित विकास गर्ने नीति अवलम्वन गरिनेछ । सोही अवधारणा अनुरुप जनसंख्या, क्षेत्रफल, विकासको अवस्था, आन्तरिक आयमा योगदान जस्ता सूचकका आधारमा वडा स्तरीय श्रोतसाधनको बाँडफाँड गर्ने नीति अवलम्बन गरिनेछ ।

२५. खरिद गरि वितरण गरिने प्रकृतिका आयोजना संचालन गर्दा अनिवार्य सार्वजनिक खरिद ऐन तथा नियमावलीको पूर्ण रुपमा कार्यान्वयन गरिनेछ, साथै यस्ता प्रकृतिका योजना संचालन उपभोक्ता समिति मार्फत गरिने छैन ।

२६. कम्प्युटर साइन्स लगायतको ल्याबको स्थापना गर्दै सबै सामुदायिक विद्यालयका कक्षा कोठा र पठनपाठनलाई डिजिटलाइजेसन गराइने छ ।

२७. विद्यार्थी संख्या कम हुने सामुदायिक विद्यालयलाई भूगोल र विद्यार्थी संख्याको आधारमा मर्ज गरिने नीति लिइनेछ

२८. सामुदायिक विद्यालयका प्रधानाध्यापकहरूको छनौट गर्न कार्यविधि निर्माण गरी अगाडी बढाइने छ ।

२९. विद्यार्थी शिक्षक अनुपातका आधारमा गाउँपालिकाले शिक्षक अनुदान कोटा बाल कक्षा नभएका विद्यालयमा विद्याथी संख्या हेरी थप बाल कक्षाको व्यवस्था गरिनेछ।

३०. शिक्षकको प्रधानाध्यापकसँग र प्रधानाध्यापकको गाउँपालिकासँग कार्यसम्पादन करार सम्झैता गरिनेछ।

३१. गाउँपालिकाभित्रका प्रत्येक सामुदायिक विद्यालय वडा कार्यालय स्वास्थ्य चौकीमा इन्टरनेट सेवाको विस्तारलाई निरन्तरता दिइनेछ।

३२. स्थानीय पाठयक्रमका आधारमा पाठयपुस्तक छपाइ गरी पठन पाठनको व्यवस्था मिलाइने छ।

३३. प्राविधिक तथा व्यवसाय शिक्षालाइ जोड दिदै प्रोत्सान स्वरुप स्नातक प्राविधिक अध्ययन गर्ने विद्यार्थीहरुलाई प्राविधिक स्नातक छात्रबृत्तिको व्यवस्था गरिनेछ।

३४. गाउँपालिकाका आधारभुत तथा माध्यमिक विद्यालयमा स्काउट साथै योगसाधनालाई व्यवस्थित गरिनेछ।

३५.शिक्षाको गुणस्तर अभिबृद्धिका लागि शिक्षकहरुका लागि विभिन्न परिवर्तित पाठ्यक्रम प्रविधिकरण र कम्प्युटर तथा सुचना प्रविधि सम्वन्धी तालिमको व्यवस्था गरिनेछ।

३६. गाउँपालिकामा धैरै जनसंख्या थामी जातीको भएकोले स्थानीय भाषा अन्तर्गत थामी भाषाको पाठयपुस्तक छपाई गरी पठन पाठन गरिनेछ।

३७. कक्षा ८ को पालिका स्तरीय परीक्षा लिने प्रणालीलाई निरन्तरता दिइनेछ।

३८.बालविकास शिक्षक, विद्यालय सहायक र विद्यालय सहयोगिलाइ प्रोत्साहन स्वरुप आवश्यक रकम थप गरी न्युनतम मासिक तलव रु १५००० बनाइएकोमा त्यसलाई निरन्तरता दिइनेछ।

३९.बालमैत्री स्थानिय गाउँपालिका घोषणा भैसकेको र त्यसको प्रभावकारी कार्यान्वयनका लागि प्रत्येक वडामा अनुगमनलाई प्रभावकारी बनाईनेछ।

४०.आमा र बुबा दुबै नभएका बालबालिकाहरुलाई उपलब्ध गराइदै आएको सामाजिक सुरक्षा कार्यक्रमलाई निरन्तरता दिईनेछ।

४१. गाउँपालिकामा वर्षको एकपटक पालिका स्तरीय अध्यक्ष कप खेलकुद प्रतियोगिता आयोजना गरिनेछ।

४२. विभिन्न खेलकुदका उत्कृष्ट खेलाडीहरुलाई निशुल्क प्रशिक्षणको व्यवस्था मिलाईनेछ।

४३. अन्तर पालिका साझेदारीमा १५ शैयाको सिंगटी अस्पताललाई अत्याधुनिक सेवा सुविधा सम्पन्न अस्पतालका रुपमा विकास गरिनेछ।

४४. गाउँपालिकाका ७५ वर्ष माथिका जेष्ठ नागरिक, सुत्केरी, क वर्गका अपाङका लागि निशुल्क एम्बुलेन्स सेवामा उपल्ब्ध गराइने छ।

४५. विशेषज्ञ सेवा सहितको स्वास्थ्य शिविर संचालन गरिने छ। स्वास्थ्य संस्थालाई निशुल्क औषधीको व्यवस्था गरिनेछ। वृद र दिर्घ रोगीहरुको स्वास्थ्य परीक्षण गरी औंषधी वितरण गरिनेछ।

४६. प्रत्येक स्वास्थ्य चौकीमा चौविस घण्टे प्रसुति सेवा सञ्चालन गर्न आवश्यक सामग्री तथा जनशक्तिको व्यवस्था गरिनेछ।

४७. अन्तर पालिका साझेदारीमा शव वाहन, दमकल खरीद तथा व्यवस्थापन गर्न आवश्यक देखिएको हुँदा सरोकारवाला निकायसँग समन्वयको लागि पहल गरिनेछ।

४८. दिर्घ रोगीहरुलाई दिदै आइरहेको आर्थिक सहायतालाई निरन्तरता दिदै लगिने छ।

४९. नवीन पर्यटकीय गन्तव्यहरूको गुरुयोजना तयार गरी पर्यटकीय पूर्वाधारहरूको निर्माणमा जोड दिइनेछ।

५०. कालिन्चोक मन्दिर क्षेत्रको पर्यटन विकासका निम्ति संघिय र प्रदेश सरकारसँग बिशेष पहल गरिनेछ।

५१. कालिन्चोक मन्दिरलाई विश्वको अग्लो स्थानमा रहेको हिन्दु देवी मन्दिरको रुपमा प्रचार प्रसार गरी विश्व सम्पदा सुचिमा राख्न पहल गरिने छ।

५२. सामाजिक कुरितीको रुपमा रहेको वालविवाह, वहुविवाह, अनमेल विवाह, रुढीवादी परम्परा, अन्ध विश्वास एवं भ्रमहरु हटाउन सामाजिक परिचालन मार्फत सचेतीकरणका कार्यक्रम सञ्चालन गरिनेछ।

५३. कुरी बजारलाई व्यवस्थित गरी भूमि संरक्षण नीति अवलम्वन गरी करको दायरामा ल्याइ आयआर्जन बढाई सम्बन्धित क्षेत्रको पर्यटन प्रर्वद्धनमा लगानी गरिनेछ।

५४. लैङ्गिक हिंसा विरुद्ध शुन्य सहनशिलताको निति अवलम्बन गरिने छ। कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार लगाएतका लैंगिक हिंसाबाट पिडित तथा प्रभावितहरुको लागि उदार राहत मनसामाजिक परामर्श सेवा र पुनस्थापना लगायतका सामाजिक सुरक्षाका कार्यक्रम संचालन गरिने छ।

५५. यौनिक लैगिंक अल्पसंख्यकहरुको मूलप्रवाहीकरणका लागि क्षमता अभिवृद्धि र आय आर्जनमा सहकार्य गर्ने कार्यक्रम संचालन गरिनेछ।

५६. महिलाहरुको सीप विकास र आय आर्जन, क्षमता विकास तथा आयआर्जन गर्ने कार्यक्रम संचालन गर्न प्राथमिकता दिइनेछ।

५७. लक्षित वर्ग महिला नेतृत्व विकास र सशक्तिकरणका लागि क्षमता विकास कार्यक्रम तथा आय आर्जनका लागि सीप विकास कार्यक्रमहरु कार्यान्वियन गरिनेछ।

५८.कानुन बमोजिम औषधिजन्य गाँजालगायतका जडीबटुीको उत्पादन, प्रशोधन, भण्डारण र निकासीमा विशेष जोड दिईनेछ।

५९. विपद् जोखिम न्युनीकरणको लागि क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ। पालिका गोदामघरमा विपद् उद्धार एवम राहत सामग्रीको पर्याप्त मौज्दातको व्यवस्था गरिनेछ।

६०.विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना र जोखिम न्युनीकरण सम्वन्धी तालिम तथा औजारको व्यवस्था गरिनेछ ।

६१.गाउँपालिकाभित्रका सबै कार्यालयबाट सञ्चालन हुने सेवालाई चुस्त, दुरुस्त, द्रुत, सरलीकृत गर्दै लगिनेछ।

६२. सूचनामा पहुँच वृद्धि गर्न गाउँपालिकामा जनप्रतिनिधिहरु र कर्मचारीहरुलाई सूचना प्रविधिसँग सम्बन्धित तालिम अभिमुखीकरण सञ्चालन गरिनेछ।

६३.गाउँपालिकाको सूचना केन्द्रलाई थप व्यवस्थित र सुदृढ बनाइनेछ। गाउँपालिकाको भौगोलिक सूचना प्रणाली अद्यावधिक गर्दै योजना तर्जुमा राजश्व परिचालन र योजना कार्यान्वयनमा ल्याइनेछ।

६४.सेवाग्राही नागरिकहरुको गुनासो व्यवस्थापन गुनासो अधिकारी तोकी गुनासो व्यवस्थापनलाई थप व्यवस्थित वनाइनेछ।

६५.स्थानीय रेडियोहरु अनलाइन लगायत संचारमाध्यमसँग सम्झौता गरी पालिकाका सम्पूर्ण गतिविधि जनतामा पुऱ्याउन रेडियो कार्यक्रम सञ्चालन गरिनेछ।

६६.व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षाको प्रभावकारिता कायम गर्न विभिन्न किसिमका जनचेतनामुलक कार्यक्रमहरू गरिने नीति ल्याइनेछ।

६७.सामाजिक सुरक्षा प्रणालीलाई व्यवस्थित बनाउनको लागि दर्ता शिविर सञ्चालनलाई निरन्तरता दिंदै बैंकिङ्ग प्रणालीबाट भुक्तानी हुने व्यवस्था मिलाईनेछ।

६८.गाउँपालिकाको डिजिटल प्रोफाइलको निर्माण गरिनेछ।

६९. सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ एवंम् प्रदेश सार्वजनिक खरिद नियमावली, २०७६ बमोजिम खरिद प्रकृयालाई एकद्धार प्रणाली अपनाइ सार्वजनिक खर्चमा मितव्ययीता अपनाइनेछ।

७०. सुशासन पारदर्शिता र जवाफदेहितामा अभिवृद्धि गराउन गाउँपालिकाले लिएको समग्र नीति र संचालित कार्यक्रम आयोजनाले पारेको सामाजिक प्रभावको लेखाजोखा गर्ने गरी सामाजिक परीक्षण र सवै आयोजना कार्यक्रमहरुमा सार्वजनिक परीक्षण र वडा क्षेत्रगत रुपमा सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न गरिनेछ।

७१. गाउँपालिकाको संस्थागत विकास, तथा सुशासन, जवाफदेहिता तथा पारदर्शीता कायम गर्न आवश्यकतानुसार गाउँपालिकाको ऐन, नियमहरु, कार्यविधिहरु, निर्देशिकाहरु तर्जुमा तथा संसोधन गरी कार्यान्वयनमा ल्याइनेछ।

७२. जनप्रतिनिधि तथा कर्मचारीहरूको आचारसंहिताको कार्यान्वयनलाई प्रभावकारी बनाउन क्षमता वृद्धि तालिम सञ्चालन गरिनेछ।

७३. कालिञ्चोक गाउँपालिकालाई भ्रष्टचारमा शुन्य सहनशीलताको नीतिलाई निरन्तरता दिइनेछ।

७४. कार्य दक्षता, नियमीतता, जवाफदेहिताका आधारमा कर्मचारीलाइ पुरस्कार तथा दण्डको व्यवस्था गर्न कार्य सम्पादनमा आधारित कर्मचारीहरुको प्रोत्साहन कार्यक्रम ल्याइनेछ।

७५. घर दैलोमा सेवा प्रवाह गर्न र असारे विकासलाई दुरुत्साहन गर्न विकास शिविरलाइ निरन्तरता दिइनेछ।

७६. पालिकामा सूचिकृत भएका मेलमिलापकर्ताहरुको सक्रियताका आधारमा पुरस्कारको व्यवस्था गरिनेछ।

७७. न्याय निरुपणलाई व्यवस्थित गर्न क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गरिनेछ।

७८. न्याय क्षेत्रका सूचनालाई व्यापक र सर्वसाधारणको पहुँचमा पुर्‍याउनका लागि वडाका विभिन्न स्थानमा होडिङ्ग वोर्ड राखिने व्यवस्था गरिनेछ।

७९. गाउँपालिका स्तरमा रेडियो, पत्रपत्रिका, अनलाइन न्युजपोर्टल जस्ता सञ्चार माध्यम सञ्चालन गर्न प्रेरित गरिनेछ। त्यसरी पालिका स्तरबाट सञ्चालित हुने सञ्चार माध्यमको टिकाउ र सञ्चालनका निम्ती गाउँपालिकाले लगानी सहित सहकार्य गर्नेछ।

८०. गाउँपालिका भरिका विद्यालय, स्वास्थ्यचौकी, वडा कार्यालय, सामुदायिक भवन लगायतका नागरिकको पहुँच रहने गरी फ्री वाईफाईको व्यवस्था गरिनेछ।

८१. गाउँपालिकालाइ डिजिटल पालिकाको रूपमा विकास गर्न सबैक्षेत्रमा सूचना प्रविधिलाई विस्तार गरी सूचना प्रविधिमा आधारित व्यावहारिक योजना र रणनीति बनाउने नीति लिइनेछ।

८२. प्रतिफल दरको आधारमा आयोजनाको प्राथमिकीकरण गर्दै सार्वजनिक खर्चमा गणुस्तर अभिवृद्धि गरिनेछ।

८३. आयोजना बैंक सूचना प्रणाली र मध्यमकालीन खर्च संरचना सूचना प्रणालीलाई कार्यान्वयनमा ल्याइनेछ।

८४. स्वास्थ्य बिमा कार्यक्रम सुरु गरिनेछ।

८५. कालिञ्चोक लगायत पर्यटकीय क्षेत्रमा शुल्क लगाई असुल गरिने नीति लिइने छ।

८६. सामुदायिक वन क्षेत्रमा वन्यजन्तु तथा वातावरण संरक्षणको लागि अन्न बाली प्रणालीलाई प्रोत्साहन गरिनेछ।

८७. मुलुकी ऐनको सम्पत्ति .................. दफा २७९, २८४

८८. यस पालिका भित्र रहेका कला संस्कृति, मौलिकता, जगेर्ना गर्नको लागि कार्यदल निर्माण गरी कार्यान्वयन गरिनेछ।

८९. संस्कृत भाषाको पाठ्यक्रम र पाठ्यपुस्तक निर्माण गरी पठनपाठन गरिनेछ।

९०. लापिलाङमा रहेको लापिलाङ आयुर्वेद औषधालयलाई व्यवस्थित गरी हरेक विद्यालयमा आहार विहारको बारेमा प्रशिक्षण कार्यक्रम संचालन गर्न आवश्यक व्यवस्था गरिनेछ।

९१. आ.व. २०८१/०८२ मा यस पालिकाको प्रशासनीक भवन बनाई कार्यालय सञ्चालन गरिनेछ।

९२. सहकारीबाट ऋण लिई ऋण नतिर्ने ऋणीहरुलाई सम्पूर्ण सरकारी सेवा सुविधाबाट वञ्चित गरिनेछ ।

९३. दुध, दही तथा मोही जस्ता कृषि जन्य उत्पादनलाई प्रवर्धन गर्ने नीति लिइनेछ ।

९४. विषादिरहित तरकारी तथा फलफूल खेती कार्यक्रमलाई प्रवर्धन गरिनेछ ।

९५. कालिञ्चोक भगवती लगायत यस पालिकामा रहेका धार्मिक, साँस्कृतिक, पर्यटकिय क्षेत्रको पहिचान गरी एक वडा एक नमूना स्थलको खोजी गरी आवश्यक वजेटको व्यवस्था मिलाईनेछ ।

९६. धार्मिक स्थल, पाटी, प्रतिक्षालय, सामुदायिक भवन जस्ता सार्वजनिक स्थलहरु व्यक्तिको नाममा रहेको जग्गामा भएको भए त्यस्ता संरचनाहरुलाई सार्वजनिक गरिनेछ ।

९७. **हाम्रै उत्पादन हाम्रै खपत** भन्ने नारालाई जोड दिदै हाम्रै क्षेत्रमा भएको खपतलाई अनुदानमा प्राथमिकता दिइनेछ ।

९८. एक वडा एक कृषि उपज संकलन केन्द्र स्थापना गर्ने नीति लिइनेछ ।

९९. सरकारी निकायको अनुदानबाट व्यक्तिको जग्गामा बनेका सार्वजनिक संरचनाहरुको जग्गा सम्बन्धित जग्गा धनीले सम्बन्धित संस्थाको नाममा पास गरिदिनु पर्ने सो नगरेमा उक्त सार्वजनिक संरचनाको मूल्य सम्बन्धित जग्गा धनीले अनुदान दिने निकायलाई फिर्ता गराउने नीति लिएको छ ।

१००. कालिञ्चोक गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयले आ.व. २०८१/८२ को लागि तय गरिएका नीति तथा कार्यक्रम अनुरुप सेवा प्रवाहलाई चुस्त र दुरुस्त बनाउन, सार्वजनिक पारदर्शिता कायम गर्न जिम्मेवार पदाधिकारी, राजनीतिक दल, गाउँवासी र राष्ट्रसेवक कर्मचारीलाई हार्दिक अनुरोध गर्दछु ।

कुल बहादुर बुढाथोकी
उपाध्यक्ष
कालिञ्चोक गाउँपालिका